नेपाल सरकार

# विज्ञापन बोर्ड

बबरमहल, काठमाडौं

**प.सं. :-** ०८२/८३

**च.नं. :-** ८५

**मिति :-** वि.सं. २०८२/०४/३०

**ने.स. :-** ११४५ गुँलागा, ७ शुक्रवार

विषय: विज्ञापन तथा सूचना प्रकाशन तथा प्रसारण र रकम भुक्तानी सम्बन्धी अत्यन्त जरुरी सूचना

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २६ तथा विज्ञापन (नियमन गर्ने)नियमावली, २०७७ को नियम ४ (क) बमोजिम विज्ञापनको कारोवार गर्ने सञ्चारमाध्यम र विज्ञापन एजेन्सीहरु विज्ञापन बोर्डमा सूचीकरण तथा नवीकरण गर्नु गराउनुहुन भनी यस बोर्डबाट पटक पटक सूचना जारी भएको व्यहोरा सबैलाई जानकारी नै छ। अतः सार्वजनिक निकायले विज्ञापन तथा सूचना प्रकाशन तथा प्रसारण गर्दा गराउँदा तथा सोको भुक्तानी गर्दा देहाय बमोजिम गर्न गराउनु हुन निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ ।

१. विज्ञापन बोर्डमा सूचीकरण तथा नवीकरण भएका छापा, विद्युतीय सञ्चारमाध्यम (रेडियो, टेलिभिजन), अनलाइन सञ्चारमाध्यम, विज्ञापन एजेन्सीहरुसँग मात्र विज्ञापन सम्बन्धी कारोबार गर्न गराउनु हुन। साथै कारोबार गर्दाका बखत बोर्डमा सूचीकरण/नवीकरण भएको प्रमाणपत्र माग गर्नुहुन।

२. विज्ञापन (नियमन गर्ने)नियमावली, २०७७ को नियम ६(क) को उपनियम (२) बमोजिम सरकारी निकायले भुक्तानी गर्दा सञ्चारमाध्यममा सोझै विज्ञापन प्रकाशन तथा प्रसारण गरेको भए त्यस्तो सञ्चार माध्यमले जारी गरेको बिल बमोजिम तथा विज्ञापन एजेन्सी मार्फत विज्ञापन प्रकाशन तथा प्रसारण गरिएको भए सञ्चारमाध्यमले जारी गरेको बिलको प्रतिलिपि सहित त्यस्तो एजेन्सीको सेवा शुल्क खुल्ने गरी सो एजेन्सीले जारी गरेको बिल बमोजिमको रकमभुक्तानी गर्न गराउनु हुन ।

३. विज्ञापन सम्बन्धी कारोबारको भुक्तानी गर्दा विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २१ को उपदफा (२) को खण्ड (ख) तथा विज्ञापन (नियमन गर्ने)नियमावली, २०७७ को नियम ६(क) को उपनियम (३) बमोजिम सरकारी निकायले तीन प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खाता (Bank Name: Everest Bank, Account Name: Office of the Advertisement Board, Account Number: ००१२०१०५२०००३७, PAN Number: २०१४२५९४१) मा अनिवार्य रुपमा जम्मा गर्न गराउनु हुन र सो को जानकारी बोर्डलाई गराउनु हुन अनुरोध छ।

उपरोक्तानुसार गरेको नपाइएमा कानून बमोजिम कारबाही हुने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Devi Pandey Khatri
devipandey2039@gmail.com

(देवी पाण्डे (खत्री))
प्रमुख प्रशासकीय अधिकृत

इमेल: info@adboard.gov.np फोन नं: +९७७ ०१५९०९३४४ वेबसाइट: https://adboard.gov.np/